# रोहिणी गाउँपालिका

# धकधई, रूपन्देही

## आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम

मिति : २०८३/०३/१०

“स्वच्छ रोहिणी, समृद्ध रोहिणी”

# रोहिणी गाउँपालिका, रूपन्देही

## आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम

**रोहिणी गाउँपालिकाको १९ औं गाउँसभाको दोस्रो अधिवेशनमा उपस्थित आदरणीय सभाध्यक्ष ज्यू, सभाका सदस्य ज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू ।**

रोहिणी गाउँपालिकाको गरिमामय गाउँसभाको यस ऐतिहासिक एवं महत्वपूर्ण अवसरमा आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित तथा जिम्मेवार महसुस गरेको छु ।

यस महत्वपूर्ण अवसरमा राष्ट्रको सार्वभौमिकता, लोकतन्त्र, संघीय लोकतान्त्रिक गणतन्त्र तथा नागरिक अधिकारको स्थापना र सुदृढीकरणका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै राष्ट्रियता, लोकतन्त्र, सामाजिक न्याय र समृद्ध नेपालको निर्माणमा विभिन्न कालखण्डमा योगदान पुर्‍याउनु हुने अग्रज राजनीतिक व्यक्तित्व, समाजसेवी, राष्ट्रप्रेमी तथा सम्पूर्ण दिवंगत महानुभावहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधानले आत्मसात् गरेको संघीय शासन प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय तहबीच राज्य शक्तिको बाँडफाँट गरी नागरिकको घरदैलोमै सेवा, विकास र सुशासनको प्रत्याभूति गर्ने व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानुनी व्यवस्थाले स्थानीय तहको विधायिकी, कार्यपालिका तथा न्यायिक अभ्यासलाई संस्थागत गरेका छन् । संविधान तथा कानुनले प्रदान गरेका अधिकार र जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्दै पारदर्शी, सहभागितामूलक, जवाफदेही र परिणाममुखी स्थानीय शासन प्रणाली स्थापना गर्नु हाम्रो साझा दायित्व हो । यही दायित्वलाई आत्मसात् गर्दै संघीयता र लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरी सुशासन, समावेशी विकास, सामाजिक न्याय तथा आर्थिक समृद्धिको अनुभूति आम नागरिकसम्म पुर्‍याउने उद्देश्यका साथ आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

प्रस्तुत बजेट नेपालको संविधान, प्रचलित कानुन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, रोहिणी गाउँपालिकाको प्रथम आवधिक योजना, मध्यमकालीन खर्च संरचना, संघीय सोह्रौं योजना,

प्रदेशको द्वितीय आवधिक योजना, दिगो विकास लक्ष्य, संघ तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आवश्यकता, उपलब्ध स्रोत-साधन तथा गाउँसभाका सदस्यहरू, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, पत्रकार, कर्मचारी र आम नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई आधार मानी तयार गरिएको हो ।

यस गाउँसभामार्फत प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रमले रोहिणी गाउँपालिकाको समग्र विकास, गुणस्तरीय सेवा प्रवाह, आर्थिक सुदृढीकरण, सामाजिक रूपान्तरण तथा दिगो समृद्धिको आधार निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दछु ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा गाउँसभा सदस्य ज्यूहरू,**

**आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्य तथा प्राथमिकताहरू**

"समावेशी विकास, सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिमार्फत समुन्नत तथा समृद्ध रोहिणी निर्माण गर्ने" मूल उद्देश्यका साथ आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरिएको छ । उक्त उद्देश्य प्राप्तिका लागि निम्न प्राथमिकता क्षेत्रहरू निर्धारण गरेको छुः

१. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा पोषण सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्ने ।
२. कृषिको आधुनिकीकरण, व्यवसायीकरण तथा सिंचाइ विस्तारमार्फत उत्पादन, उत्पादकत्व र किसानको आयवृद्धि गर्ने ।
३. रोजगारी सिर्जना, उद्यमशीलता विकास, सीपमूलक तालिम तथा गरिबी न्यूनीकरण कार्यक्रमलाई प्राथमिकता दिने ।
४. सडक, खानेपानी, विद्युत, सिंचाइ, भवन तथा सूचना प्रविधिसम्बन्धी पूर्वाधारको दिगो विकास गर्ने ।
५. महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित तथा अन्य लक्षित वर्गको सशक्तीकरण र सामाजिक सुरक्षामा जोड दिने ।
६. स्थानीय कला, संस्कृति, भाषा, धार्मिक तथा पर्यटकीय सम्पदाको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र दिगो विकासमार्फत गाउँपालिकाको मौलिक पहिचानलाई सुदृढ गर्ने ।
७. वातावरण संरक्षण, सरसफाइ, जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई उच्च प्राथमिकता दिने ।
८. सुशासन, पारदर्शिता, डिजिटल सेवा प्रवाह, संस्थागत क्षमता विकास तथा नागरिकमैत्री प्रशासनलाई सुदृढ गर्ने ।
९. आन्तरिक राजस्वको दायरा विस्तार, कर प्रशासनको सुधार तथा स्रोत-साधनको प्रभावकारी परिचालन गर्ने ।
१०. संघ, प्रदेश, निजी क्षेत्र, सहकारी तथा विकास साझेदारसँगको सहकार्यलाई सुदृढ गर्दै दिगो तथा समावेशी विकासलाई प्रवर्द्धन गर्ने ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा गाउँसभा सदस्य ज्यूहरू,**

अब म, चालु आर्थिक वर्षको हाल सम्मको बजेट तथा कार्यक्रम कार्यान्वयनको समीक्षा प्रस्तुत गर्न गइरहेको छु । चालु आर्थिक वर्षमा गाउँपालिकाले सीमित स्रोत साधनका बाबजुद शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सामाजिक विकास तथा सुशासनका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ ।

बढ्दो प्रशासनिक खर्च, न्यून आन्तरिक आय तथा हालैको जेन—जी आन्दोलनको मर्मलगायत विविध परिस्थितिलाई मध्यनजर गर्दै यस वर्षको वार्षिक बजेट तथा कार्यक्रमलाई वितरणमुखी प्रवृत्तिबाट क्रमशः न्यूनीकरण गरिनेछ । फजुल, अनावश्यक तथा अनुत्पादक खर्चलाई नियन्त्रण गर्दै जनताको माग र आवश्यकताका आधारमा पूर्वाधार विकासलगायत अन्य विकासका प्राथमिक क्षेत्रहरूमा केन्द्रित हुने व्यवस्था मिलाइएको छ ।

चालु आर्थिक वर्षको कुल संशोधित बजेट रू ६० करोड ७ लाख ८० हजार मध्ये हालसम्म ५४ करोड ३० लाख ७२ हाजर ६ सय ७६ मात्र प्राप्त भएको छ, जुन कुल बजेटको ९०.३९ प्रतिशत मात्र हो । खर्च तर्फ चालु ७०.९४ प्रतिशत र पूँजीगत ४०.०४ प्रतिशत गरी जम्मा ६०.६२ प्रतिशत वित्तीय प्रगति भएको छ ।

- ठेक्का प्रक्रिया द्वारा कार्यान्वयन गरिएका १८ वटा योजनाहरू मध्ये १० वटा योजनाहरू सम्पन्न भइसकेका छन् । बाँकी योजनाहरू सम्पन्न हुने क्रममा छन् ।
- उपभोक्ता समितिबाट कार्यान्वयन गरिएका ७२ वटा योजनाहरू मध्ये २६ वटा योजनाहरू सम्पन्न भइसकेका छन् । बाँकी योजनाहरू सम्पन्न हुने क्रममा छन् ।
- अन्य विधिबाट कार्यान्यवन गरिएका ३९ वटा योजनाहरू मध्ये २४ वटा योजनाहरू सम्पन्न भइसकेका छन् ।
- चालु आर्थिक वर्षमा हालसम्म २ करोड १ लाख २६ हजार राजस्व संकलन भएको छ, जुन वार्षिक लक्ष्य १ करोड ९८ लाख को १०१.६५ प्रतिशत हो ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा गाउँसभा सदस्य ज्यूहरू,**

अब म आगामि आर्थिक वर्षको आय तथा व्ययको विवरण प्रस्तुत गर्न गइरहेको छु ।

<u>आय तर्फ</u>

१. संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँड, सशर्त अनुदान र समपुरक अनुदान गरी जम्मा **रू ४७ करोड ८५ लाख ८२ हजार ।**
२. प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँड, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान गरी जम्मा **रू ३ करोड ५५ लाख २० हजार ।**
३. आन्तरिक स्रोतबाट प्राप्त हुने **रू २ करोड ३० लाख ।**
४. अन्य स्रोत (नगद मौजदात) बाट प्राप्त हुने **रू ३ करोड ।**
५. जिल्ला समन्वय समिति रूपन्देही बाट प्राप्त हुने रकम **रू ७२ लाख ।**
६. सबै स्रोतबाट प्राप्त हुने जम्मा बजेट **रू ५७ करोड ४३ लाख २ हजार ।**

व्यय तर्फ

**क्षेत्रगत बजेट विनियोजन**

| **क्र.सं.** | **क्षेत्रगत वर्गिकरण** | **बजेट विनियोजन प्रतिशत** |
|---|---|---|
| १ | आर्थिक विकास | ५.५२% |
| २ | सामाजिक विकास | ५१.६२% |
| ३ | पूर्वाधार विकास | २२.२७% |
| ४ | वन, वातावरण तथा विपद | ०.३४% |
| ५ | सुशासन तथा संस्थागत विकास | १.०३% |
| ६ | कार्यालय संचालन | १९.२२ |
| | **जम्मा** | **१००%** |

त्यस्तै

चालु तर्फ **६८.१३** प्रतिशत

पूँजीगत तर्फ **३१.८७** प्रतिशतससस

**आदरणीय सभाध्यक्ष ज्यू तथा गाउँसभा सदस्य ज्यूहरू,**

अब म विभिन्न शिर्षक अन्तरगत विनियोजन भएको बजेट प्रस्तुत गर्न गइरहेको छु ।

- गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय र निरन्तर बनाउन कर्मचारीहरूको तलब, भत्ता तथा कार्यालय सञ्चालनका लागि आवश्यक प्रशासनिक खर्च व्यवस्थापन गर्न रु. ११ करोड ३० लाख ७० हजार विनियोजन गरेको छु । साथै गाउँ कार्यपालिका र गाउँ सभाबाट स्वीकृत दरबन्दीमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको तलब तथा भत्ता नेपाल सरकारले निर्धारण गरेको वृद्धि अनुपात अनुसार समायोजन गरिने व्यवस्था गरिएको छ ।
- रोहिणी गाउँपालिकामा दिगो, समावेशी तथा रोजगारमुखी आर्थिक विकासलाई प्रवर्द्धन गर्दै कृषि, पशुपालन, मत्स्यपालन तथा उद्यमशीलताको विकासमार्फत उत्पादन, उत्पादकत्व र आयआर्जन वृद्धि गरी स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने उद्देश्यका साथ कृषि, पशु तथा मत्स्य विकास कार्यक्रम सञ्चालन गर्न रु. १५ लाख विनियोजन गरेको छु ।
- खाद्यान्न बाली विशेषगरी धान तथा गहुँको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले कृषकहरूलाई उन्नत बीउको प्रयोगतर्फ प्रोत्साहित गर्न उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । उक्त कार्यक्रमका लागि संघीय सरकारबाट प्राप्त सशर्त अनुदानतर्फ रु. १६ लाख बजेट विनियोजन गरिएको छ ।

- सिँचित क्षेत्रमा चैते धान प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी धान उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले संघीय सशर्त अनुदानबाट प्राप्त रु. १० लाख बजेट विनियोजन गरिएको छ ।
- गाउँपालिकामा प्राकृतिक तथा मानवजन्य विपद्, महामारी तथा जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै सुरक्षित, स्वच्छ र दिगो वातावरण निर्माण गर्ने उद्देश्यले विपद् पूर्वतयारी, उद्धार, राहत, पुनःस्थापना तथा विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषमा रु. १० लाख विनियोजन गरेको छु ।
- गाउँपालिकाद्वारा सञ्चालित एम्बुलेन्स सेवालाई थप प्रभावकारी, व्यवस्थित तथा पहुँचयोग्य बनाउँदै रेफरल सेवाका लागि गाउँपालिकाबाट सिफारिस भएका सुत्केरी महिलालाई प्रदान गर्दै आएको निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिन रु. ५ लाख बजेट विनियोजन गरेको छु ।
- रोहिणी गाउँपालिकामा सबै नागरिकलाई गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउँदै "स्वस्थ रोहिणी, समृद्ध रोहिणी" निर्माण गर्ने लक्ष्यसहित प्राथमिक स्वास्थ्य सेवा सुदृढीकरण, स्वास्थ्य संस्थाको स्तरोन्नति तथा औषधि व्यवस्थापन र स्वास्थ्य सचेतना कार्यक्रमका लागि रु. २० लाख विनियोजन गरेको छु । नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा विभिन्न स्वास्थ्य अभियान सञ्चालनका लागि संघीय सशर्त अनुदानबाट प्राप्त रु. ५ लाख विनियोजन गरिएको छ। साथै आवश्यक आयुर्वेदिक औषधि खरिद, आयुर्वेद सेवाको विस्तार तथा जनचेतना अभिवृद्धि कार्यक्रमका लागि गाउँपालिका बाट रु. ५ लाख विनियोजन गरेको छु ।
- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको सहज तथा प्रभावकारी प्रवाह सुनिश्चित गर्न आवश्यक औषधि खरिदका लागि संघीय सशर्त अनुदानबाट प्राप्त रु. १० लाख ८७ हजार तथा गाउँपालिकाको स्रोतबाट रु. १२ लाख गरी जम्मा रु. २२ लाख ८७ हजार विनियोजन गरिएको छ ।
- मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसञ्चार सेवा, न्यानो झोला वितरण, सुरक्षित निःशुल्क गर्भपतन सेवा तथा नवजात शिशुको निःशुल्क उपचार कार्यक्रम सञ्चालनका लागि संघीय सरकारबाट प्राप्त सशर्त अनुदानतर्फ रु. १३ लाख ९० हजार विनियोजन गरिएको छ ।
- खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य तथा पोषण जस्ता आधारभूत जनस्वास्थ्य सेवाहरूलाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरूको भूमिकालाई उत्प्रेरित गर्दै उनीहरूको उचित परिचालन गर्ने उद्देश्यले महिला स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहन, विदाइ कार्यक्रम तथा चाडपर्व खर्चका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- शैक्षिक क्षेत्रलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा अनुमानयोग्य बनाउन र जनशक्ति व्यवस्थापनलाई सुदृढ गर्दै शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धिका लागि नियमित,

विषयगत तथा आधुनिक शिक्षण विधिसम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न रु. ३ करोड ३० लाख विनियोजन गरेको छु ।

- धार्मिक विद्यालय तथा मदरसाहरूको भौतिक एवं शैक्षिक विकासमा टेवा पुऱ्याउने नीति अनुरूप आवश्यक बजेट व्यवस्था गरेको छु ।
- विद्यालयमा छात्राहरूको नियमित उपस्थिति, स्वास्थ्य, सुरक्षा तथा सम्मानजनक सिकाइ वातावरण सुनिश्चित गर्न आवश्यक पूर्वाधार तथा सहयोगात्मक कार्यक्रमहरू कार्यान्वयन गरिनेछन् । साथै, संघीय सरकारको सहयोगमा सामुदायिक विद्यालयमा अध्ययनरत किशोरीहरूलाई निःशुल्क तथा भरपर्दो रूपमा सेनेटरी प्याड उपलब्ध गराउने नीति अनुरूप रु. १७ लाख ४९ हजार बजेट विनियोजन गरेको छु ।
- "राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद" भन्ने मान्यतालाई आत्मसात् गर्दै युवा केन्द्रित खेलकुद कार्यक्रम तथा विभिन्न खेलकुद प्रतियोगिता मार्फत खेल संस्कृतिको विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकामा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, मुस्लिम, पिछडिएका तथा अति विपन्न समुदायको अधिकार संरक्षण गर्दै सामाजिक न्याय, समावेशिता र समान अवसर सुनिश्चित गर्ने उद्देश्यसहित महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखाका लागि रु. ५ लाख विनियोजन गरेको छु। साथै बालिका बिमा कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था समेत गरेको छु ।
- राष्ट्रिय रोजगार कार्यक्रममार्फत रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई स्थानीयस्तरमै रोजगारीको अवसर सिर्जना गर्न तथा सार्वजनिक निर्माण र विकास कार्यमा उनीहरूको सहभागिता सुनिश्चित गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- गाउँब्लक नापी कार्यक्रमलाई निरन्तरता दिँदै जग्गाधनीहरूको स्वामित्व सुनिश्चित गर्ने उद्देश्यले कर्मचारी व्यवस्थापन तथा अन्य आवश्यक खर्चका लागि रु. १० लाख विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा गाउँसभा सदस्य ज्यूहरू,**

- सडक, नाली, ढल, भवन तथा अन्य पूर्वाधार विकासलाई प्राथमिकता दिँदै अधुरा योजनाहरूको सम्पन्नता तथा नयाँ योजनाहरूको निर्माण र कार्यान्वयन सुनिश्चित गर्न रु. २ करोड २७ लाख विनियोजन गरेको छु ।
- अत्यावश्यकता, आकस्मिक अवस्था तथा प्राथमिकताका आधारमा बिग्रिएका सडक, नाली, ढल, खानेपानी मर्मत तथा अन्य तत्काल आवश्यक साना पूर्वाधार निर्माण एवं मर्मत कार्यका लागि **भैपरि पूर्वाधार विकास कार्यक्रम** अन्तर्गत रु. १० लाख बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाको नयाँ प्रशासकीय भवनको उद्घाटन तथा सञ्चालन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

- धकधई बजार क्षेत्र तथा अन्य मुख्य बजारहरूको सरसफाइ तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन रू. ३ लाख ८५ हजार बजेट विनियोजन गरेको छु ।
- संघीय समपूरक अनुदान अन्तर्गत हुलाकी सडकदेखि लक्ष्मीपुर गाउँ हुँदै भेलाईसम्म कालोपत्रे सडक निर्माणका लागि रु. १ करोड ६ लाख ५० हजार तथा रोहिणी गाउँपालिकाको प्रशासनिक भवन जाने बाटो तथा पर्खाल निर्माणका लागि रु. ५२ लाख ५० हजार विनियोजन गरेको छु ।
- प्रदेश समपूरक अनुदान अन्तर्गत भटपुरवा—लखनौतिया—सैलहवा हुँदै अमवा टकर जाने सडक निर्माण (रोहिणी गाउँपालिका वडा नं. २) का लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु ।
- गाउँपालिका अन्तर्गत निर्माणाधीन १५ शैय्याको आधारभूत अस्पतालको निर्माण कार्यलाई निरन्तरता दिई समयमै सम्पन्न गर्ने उद्देश्यले संघीय सरकारबाट प्राप्त रु. २ करोड ५० लाख विनियोजन गरेको छु ।
- योजना व्यवस्थापन, जिन्सी तथा अन्य प्रशासनिक कार्यलाई क्रमशः सफ्टवेयर प्रणालीमार्फत व्यवस्थित गर्दै, आवश्यक स्थानहरूमा सीसीटीभी क्यामेरा जडान गर्ने, साथै सूचना तथा सञ्चार प्रविधिको उपयोगमार्फत विद्युतीय सिकाइ प्रवर्द्धन गर्दै गाउँपालिका, वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा क्रमशः इन्टरनेट सुविधाको विस्तार गर्न र ई-हाजिरी प्रणाली लागु गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन प्रणाली (LGPAS) ले निर्धारण गरेका सूचक, मापदण्ड तथा कार्यसम्पादन क्षेत्रहरूको प्रभावकारी कार्यान्वयन तथा निरन्तर सुधार गर्दै गाउँपालिकाको संस्थागत क्षमता, सुशासन, वित्तीय अनुशासन, सेवा प्रवाह र विकास व्यवस्थापनलाई थप सुदृढ, प्रभावकारी र प्रतिस्पर्धी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाको दीर्घकालीन विकास दृष्टिकोणलाई व्यवस्थित, योजनाबद्ध र परिणाममुखी बनाउन तथा समग्र आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय र संस्थागत विकासलाई एकीकृत रूपमा अघि बढाउन दोस्रो आवधिक योजना निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता उत्तरदायी र सहभागितामूलक सुशासनका औजारहरूको प्रभावकारी कार्यान्वयनमार्फत गाउँपालिकाका सम्पूर्ण कार्यक्रम तथा सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र नागरिक सहभागिता अभिवृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाका विकास, सेवा प्रवाह, सुशासन, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन तथा स्थानीय सम्भावना र उपलब्धिहरूको प्रचार-प्रसार गर्न "**हाम्रो रोहिणी, राम्रो रोहिणी**" नामक रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख विनियोजन गरेको छु ।

- युवाहरूको नेतृत्व विकास, नवप्रवर्तन, उद्यमशीलता, सिर्जनशीलता तथा सामाजिक उत्तरदायित्व प्रवर्द्धन गर्ने उद्देश्यसहित "**रोहिणीको पहिचान : जेन जी र युवा पुस्ताको शान**" नामक विशेष युवा कार्यक्रम सञ्चालन गर्न रु. ५ लाख विनियोजन गरेको छु ।
- सबै वडाहरूको समानुपातिक विकास तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रत्येक वडाका लागि रु. ७३ लाखका दरले प्रशासनिक तथा विकास खर्च विनियोजन गरेको छु । वडा नं. ३ का लागि प्रशासनिक खर्च व्यवस्थापन प्रयोजनार्थ थप रु. १ लाख विनियोजन गरिएको छ ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा गाउँसभा सदस्य ज्यूहरू,**

बजेटमा व्यवस्था गरिएका योजना तथा कार्यक्रमहरूलाई उद्देश्यअनुरूप प्रभावकारी रूपमा कार्यान्वयन गर्दै "सुखी र समृद्ध रोहिणी" निर्माण गर्ने साझा लक्ष्यमा सबै गाउँसभा सदस्यज्यूहरू सक्रिय रूपमा जुट्नुहुनेछ भन्ने विश्वास लिएको छु । यस कार्यमा राष्ट्रसेवक कर्मचारीहरू पनि सदाझैं जिम्मेवारीपूर्वक र समर्पित भएर खटिनुहुनेछ भन्ने अपेक्षा गर्दछु। साथै सम्पूर्ण रोहिणीवासी नागरिक, राजनीतिक दल, बुद्धिजीवी तथा समाजसेवीहरूको निरन्तर सहयोग, समन्वय र सहकार्य रहने अपेक्षा व्यक्त गर्दछु ।

अन्त्यमा, दीर्घकालीन सोच, उद्देश्य र प्राथमिकताका साथ प्रस्तुत गरिएको यस वार्षिक बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन मार्फत गाउँपालिकाको समग्र विकास र समृद्धिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दछु । बजेट तर्जुमा प्रक्रियामा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण गाउँसभा सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, राजस्व परामर्श समितिका पदाधिकारीहरू, बुद्धिजीवी, समाजसेवी, राष्ट्रसेवक कर्मचारी लगायत सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै, बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सबैको साथ, सहयोग र सहकार्यको अपेक्षासहित विदा माग्दछु ।

धन्यवाद,
जय रोहिणी ।

शिव कान्ती चमार
गाउँपालिका उपाध्यक्ष